# रम्भा गाउँपालिका

## भू- उपयोग क्षेत्र बर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरु २०८०

## स्थानिय राजपत्र

मिति २०८०/०८/२६

**रम्भा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पिपलडांडा, पाल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

# भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०८०

प्रस्तावनाः

भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली २०७९, (पहिलो संशोधन २०८०) को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस रम्भा गाउँपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस मापदण्डको नाम "भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०८०" रहने छ।

(ख) यो मापदण्ड रम्भा गाउँ कार्यपालिकाले स्वीकृत भएको मितिबाट रम्भा गाउँपालकिा क्षेत्र भित्र लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,**

(क) "ऐन" भन्नाले भू-उपयोग ऐन, २०७६ लाई सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले भू-उपयोग नियमावली, २०७९ लाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले रम्भा गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले रम्भा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैचा, करेसाबारी, आँगन, वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउदछ।

(च) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रत्लाई समेत जनाउँदछ।

(छ) "कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन, पशुपन्छी पालन, फार्म हाउस, मत्सय पालन, मौरी पालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, वागवानी वा वनवाटिका, जडीबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ।

(ज) "खानि तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खन्न, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ।

(झ) "तोकएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) "भू-उपयोग" भन्नाले भूमीको उपयोग सम्झनु पर्दछ।

(ट) "भू-उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

(ठ) "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयो क्षेत्र नक्सा सम्झनु पर्छ।

(ड) "भू उपयोग योजना" भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ।

(ढ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतह भन्दा सिधा तल पृथ्वीको केन्द्र सम्म र सतह भन्दा माथि पर्थ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमा सम्मको भाग सम्झनु पर्छ।

(ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ।

(त) "व्यवसायिक क्षेत्र" भन्नाले बैंक, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदाम घर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद विक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयवजनको लागि निर्माण गरिएको भवनले चर्चेकोजग्गा तथा सो प्रयोजनको लागि छुट्याइएको जग्गा तथा पर्यटन व्यावसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(थ) "साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलितल कानून बमोजिम साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ।

(द) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्राबास, शवदाह स्थल, सडक, सिँचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमान स्थल, गौचरन, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र शब्दले कुनै निश्चित भौगोलिक क्षत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

३. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरुः

१. हालको उपयोगमा रहेका जग्गाको यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागबाट वर्गीकरण क्षेत्रमा नै वर्गीकरण गर्ने।

२. जोखिम लगायत अन्य सम्वेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट वर्गीकरण क्षेत्रमा वर्गीकरण गर्ने।

३. यस अघि नापी विभागबाट आवासिय व्यवसायिक र औद्योगिक क्षेत्रमा विभाजन भएको जग्गालाई सोही क्षेत्रमा वर्गीकरण गर्ने। तर गाउँपालिकाको आवश्कता र उपयुक्त देखेमा आवासिय क्षेत्रलाई यस मापदण्डको अधिनमा रही व्यवसायिक क्षेत्रमा अध्यावधिक गर्न सकिने छ।

४. कुनै निजि कित्ता तोकिएको मापदण्ड बमोजिम वर्गीकरण गर्दा कुनै क्षेत्र भन्दा थोरै सानो/ठुलो भइ सो जग्गालाई सदुपयोग गर्न नसकिने भएमा जुन क्षेत्रमा वर्गीकरण गर्दा सदुपयोग गर्न सकिन्छ सोहि बमोजिमको क्षेत्रमा वर्गीकरण गर्ने।

५. कुनै निजि कित्ता वर्गीकरण गर्दा दुई वा दुई भन्दा बढी क्षेत्रमा परेमा त्यस्तो कित्ताको जति क्षेत्रफल जुन क्षेत्रमा वर्गीकरणमा पर्ने हो सोही बमोजिम वर्गीकरण समावेश गरी भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने।

६. सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने ज्गा (सेवा प्रदान गर्ने सरकारी कार्यालयहरु बाहेक) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने।

७. हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने।

८. स्थानीय तहबाट स्वीकृत प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तै ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने।

९. हाल कायम सबै किसिमका वन पैदावार क्षेत्र (धार्मिक, निजी जग्गामा भएका बाहेक) लाई वन वर्गीकरण गर्ने।

१०. हाल उपयोगमा रहेका मठ, मन्दिर, गुम्वा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेका खाली जग्गा, परापूर्वकाल देखिका ऐतिहासिक धरवहर, साँस्कृतिक र पुरातात्विक महत्वका क्षेत्रहरुलाई साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।

११. गाउँपालिका क्षेत्रमा नेपाल सरकार, उद्योग मन्त्रालयबाट स्वीकृत औद्योगिक ग्राम सञ्चालन सम्बन्धी कार्यविधी २०७५, बमोजिम कम्तिमा एक वटा औद्योगिक ग्राम क्षेत्र निर्धारण गरी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने।

१२. हाल चलन चल्तीमा उपयोग भइरहेको पसल, बैंक तथा वित्तीय संस्था, होटेल, रेष्टुरा, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा/फास्टफुड घर, व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी कार्यालय र सोले चर्चेका खाली जग्गा, निजी क्षेत्रबाट संचालित अन्य कार्यालयहरु र सोले चर्चेका जग्गा, निजी क्षेत्रबाट सञ्चालित अस्पताल, विद्यालय, क्यामपस, नर्सिङ्ग होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन ब्रोडकास्टिङ्ग संस्था, इन्टरनेट सेवा प्रदायक संस्था लगायतलाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने।

१३. निम्न मुख्य मोटरबाटोको मार्गाधिकार देखि दायाँ बाँया देहायको अर्धव्यास (मिटर) सडकको किनारबाट जोडिएका कित्ताको क्षेत्रलाई आवासीय क्षेत्रमा विभाजन वर्गीकरण गर्ने।

रम्भा गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड

क) आवासीय क्षेत्र

रम्भा गाउँपालिका वडा नं. १ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| वडा नं | | विस्तृत विवरा | कैफियत |
|---|---|---|---|
| १ | १ | कालीगण्की कोरिडोर सडकको मार्गधिकार देखि दायाँ बायाँ १५० मिटर | |
| | २ | नौगाउँ च्याङलिङ सेर्काबास जाने मोटरको दायाँ बायाँ ५० मटिर | |
| | ३ | असेर्दी फोक्सिंकोट (अमराई इजर) मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | ४ | पन्टार स्वर्लेक खोलाखेत मस्ल्याङ देखी साविक हुगीं गा वि स वडा नं ९ सम्मे दायाँ बायाँ ५० मिटर | |
| | ५ | खोलाखेत सेजुगाउँ बेलौंज ताहुँदेउराली मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | ६ | डुम्रीचोक च्याङलिङ रामपुर १० जोड्ने मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | ७ | सँगाहा देखि लक्ष्मीनारायण धाम जाने मोटर बाटोको दायाँ बायाँ २५ मिटर | |
| | ८ | स्वर्लेक खयरघारी मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | ९ | अमीली नयाँघर कमेरे भट्टवारी पन्टार मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | १० | माझीखोला ज्यामरुक मोटर बाटोको दायाँ बायाँ ५० मिटर<br>साठी वैरादी मोटर बाटोको दायाँ बायाँ २५ मिटर | |
| | ११ | अमराई छर्तिघाट वेसी मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | १२ | फेदी आप देखी हुगीं घाट पक्कि पुल जाने मोटरबाटो २५ मिटर<br>पन्टार ज्यामरुक फेदी आप मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | १३ | खयरघारी सिउँडी माइाखण्ड ढकाल चैपारी स्वर्लेक मोटर बाटोको दायाँ बायाँ २५ मिटर | |
| | १४ | नौगाउँ बगैंचा च्याङलिङ मोटर बाटोको दायाँ बायाँ २५ मिटर | |
| | १५ | स्वर्लेक करमचौर माइाखण्ड मोटर बाटोको दायाँ बायाँ २० मिटर<br>कोरिडोर स्वास्थ्य इकाइ नौगाउँ जाने मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | १६ | सँगाहा सिमलगौरा उपाध्यायको पैह्रो मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | १७ | बगैंचा धाराचिदी हुदै उत्तर बाहिनी मोटर बाटोको दायाँ बायाँ ३० | |

| | | | |
|---|---|---|---|
| | | मिटर | |
| | १८ | रमणेश्वर सटाहा तल्लो  बैरादी मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | | यालुङ कुँडहर मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | १९ | ढकालटोल ७ नं मोटर बाटोको दायाँ बायाँ ३०मिटर | |
| | २० | आँपगैरा आँपसोरा मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | २१ | बीसमुरे लक्ष्मीनारायण धाम मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | २२ | वोझा वेल्डाँडा नाम्लेघाट मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | २३ | वेल्टार जैसीटार फुलबारी  मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | २४ | वेल्टार आँपसोरा मोटर बाटो दायाँ बायाँ ३० मिटर | |
| | २५ | छाप जैटोला हुँदै दमैंटोल मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | २६ | च्याङलिङ विसौना मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | २७ | माझखण्ड ढाव मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | २८ | छाँयवारी माझीगाउँ सडकको दायाँ बायाँ ३० मिटर | |
| | २९ | फेंदीआँप गलैंची मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | ३० | खोलाखेत ओडारे मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | ३१ | कोलपाटे थुम्की मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | ३२ | शिवपार्वती मन्दिर सिमलगैरा जाने मोटर बाटो दायाँ बायाँ ३० मिटर | |
| | ३३ | डाँडासाठी वस्यालटोल मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | ३४ | रेश्मीराज मार्गको दायाँ बायाँ ३० मिटर | |
| | ३५ | कोरिडोर बगालेटोल मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | ३६ | पचुवाखोला देखि अधिकारी टोल जाने मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | ३७ | कमलेआपँ देखि वस्यालवारी मोटर बाटो दायाँ बायाँ ३० मिटर | |
| | ३८ | ढिकपिपल देखि मिलसम्म जाने मोटर बाटोको दायाँ बायाँ  ३० मिटर | |
| | ३९ | हाल आवास रहेको क्षेत्र आवास  क्षेत्र | |
| | ४० | खोलापारी देखी कटहरे टोल जानि बाटोको दायाँ बायाँ ५० मिटर | |

रम्भा गाउँपालिका वडा नं. २ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| | | | |
|---|---|---|---|
| | १ | झोकेदी (सल्लाघारी देखि टिमुरडाँडा सम्म मोटर बाटोको दायाँ बायाँ ३०० मिटर | |
| | २ | नम्ताहा बोझा भञ्ज्याङ्ग देखि भञ्ज्याङ्गथोक पधेरा सम्म जाने मोटर बाटो दायाँ बायाँ ५० मिटर | |
| | ३ | भञ्ज्याङ्गथोक,कोटथर, रानीवास टाडबिसाउनी मोटर बाटोको दायाँ बायाँ ३०० मिटर | |
| | ४ | ओमभञ्ज्याङ्ग,सुरुमडाँडा,पिपदी,मस्ल्याङ्ग मोटर बाटो दायाँ बायाँ १५० मिटर | |
| | ५ | कोल्डाँडा, गावुडाँडा,तुलडाँडा झेस्काङ मोटर बाटो दायाँ बायाँ १५० मिटर | |
| | ६ | किटेनी ,बेलौज,स्याजु मोटर बाटोको दायाँ बायाँ १०० मिटर | |
| | ७ | सत्ताकडाँडा,झर्लेङ्ग,खल्डुक मोटर बाटोको दायाँ बायाँ २००मिटर | |
| | ८ | गावुडाँडा,ढुङ्गे ,जवुवा,सहदीखोला,मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | ९ | सुरुमडाँडा,थुम्का, किटेनी मोटर बाटो दायाँ बायाँ १०० मिटर | |
| | १० | किटेनी, लावे,मस्ल्याङ मोटर बाटोको दायाँ बायाँ १०० मिटर | |
| | ११ | बोझा भञ्ज्याङ्ग बोरोङ्गसे मोटर बाटो दायाँ बायाँ १०० मिटर | |
| | १२ | झोकेदी, गाडाचौर मोटर बाटोको दायाँ बायाँ १५०मिटर | |
| | १३ | भञ्ज्याङ्गथोक, फोक्सिङ्गडाँडा मोटर बाटोको दायाँ बायाँ १०० मिटर | |
| | १४ | वडा कार्यालय हुँदै ढुङ्गे मोटर बाटोको दायाँ बायाँ १०० मिटर | |
| | १५ | सुरुमडाँडा, गेझाडाँडा,घिचिन गुफा मोटर बाटो दायाँ बायाँ १०० मिटर | |
| | १६ | टिमुरडाँडा,पाटिहार,ओडारक्रेन मोटर बाटो दायाँ बायाँ १५० मिटर . | |
| | १७ | झोकेदी रजाय मोटर बाटोको दायाँ बायाँ १५० मिटर | |
| | १८ | श्री गैरा मुलाबारी मोटर बाटो दायाँ बायाँ ५० मिटर | |
| | १९ | गैराथोक,पोसलक,खानीखोला मोटर बाटो दायाँ बायाँ १०० मिटर | |
| | २० | पिपल पोखरा मोम मोटर बाटो दायाँ बायाँ ५० मिटर | |
| | २१ | लमभार देखी सहदी खोला मोटर बाटो दायाँ बायाँ ५० मिटर | |

रम्भा गाउँपालिका वडा नं. ३ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| | | | |
|---|---|---|---|
| | १ | सिद्दार्थ राजमार्ग (मुख्य सडक) क्षेत्रको दायाँ बायाँ १५० मिटर ,चेपाङ्गदी खोला पारी ३०० मिटर | |
| | २ | कालीगण्डकी कोरिडोर क्षेत्रको दायाँ बायाँ १५० मिटर | |
| | ३ | लसुने ओमभञ्ज्याङ मोटर बाटो दायाँ बायाँ ८० मिटर | |
| | ४ | लसुने तुलडाँडा मोटर बाटो (लसुने देखि झेस्काङ्ग सम्म दायाँ बायाँ ५० मिटर र विलुङ्ग सातखोला मोटर बाटोक सम्म दाँया बायाँ ३५ मिटर | |
| | ५ | लसुने तल्लो माथिल्लो घोन्सिग मोटर बाटोको दायाँ बायाँ ५० मिटर (भित्री बाटोको लागी दायाँ बायाँ ३० मिटर | |
| | ६ | बेलपानी ठाटीभञ्ज्याङ्ग मौलाथर झोसकाङ्ग मोटर बाटोको दायाँ बायाँ ३००मिटर (चक्रपथ) | |
| | ७ | निकिचौर बग्नास्दी ठाटीभञ्ज्याङ्ग मोटर बाटो दायाँ बायाँ ३० मिटर | |
| | ८ | मिलनचोक लिलमुनी आर्कीडाँडा मोटर बाटो दायाँ बायाँ ५० मिटर र भित्री शाखा सडकको दायाँ बायाँ ३०मिटर | |
| | ९ | खोक्खोला जवुवा मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | १० | खोक्खोला लुङ्कुरै मोटर बाटो दायाँ बायाँ ५० मिटर | |
| | ११ | हाकडाँडा कुवादी मोटर बाटो दायाा बायाँ ५० मिटर ( | |
| | १२ | कुवादी भित्री शाखा सडक ३० मिटर | |
| | १३ | थानकुन पिपलटारी गरुङ्गा मोटर बाटोको दायाँ बायाँ ५० | |
| | १४ | मिटर र गरुङ्गा भित्री सडक ३० मिटर | |
| | १५ | बडरखोला कुवादी मोटर बाटो दायाँ बायाँ ५० मिटर | |
| | १६ | थानकुन एकले बर जबुवा मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | १७ | सिद्धथान बुरुङ्से मोटर बाटो दायाँ बायाँ ३० मिटर | |
| | १८ | लिलमुनी देखी खत्री खेत जाने मो.बा. लेउडांडा मेवाटारी कटुवा चौर देखी लेउडांडा जाने मो.बा. दायाँ बायाँ ५० मिटर | |
| | १९ | रजाय देखि लेउडांडा दायाँ बायाँ १५० मिटर | |

रम्भा गाउँपालिका वडा नं. ४ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| | | | |
|---|---|---|---|
| ४ | १ | आर्यभञ्ज्याङ्ग रामपुर सडक खण्डको दायाँ बायाँ ८० मिटर | |
| ४ | २ | भिमाद लोहरेङ पाडेकोट मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| ४ | ३ | भिमाद खहरे मोटर बाटोको दायाँ बायाँ ८० मिटर | |
| ४ | | घ्याङसिङपोखरा  रैया फेदी मोटर बाटोको दायाँ बायाँ ४० मिटर | |
| ४ | ४ | घ्याङसिङपोखरा विचधाम वेलटारी मोटर बाटोको दायाँ बायाँ ४० मिटर | |
| ४ | ५ | घ्याङसिङपोखरा आर्गिडाँडा कुडुले वेलटारी मोटर बाटोको दायाँ बायाँ ४० मिटर | |
| ४ | ६ | घ्याङसिङपोखरा व्यादिधाम धामखोला मोटर बाटोको दायाँ बायाँ ४० मिटर | |
| ४ | ७ | धोवादि, मार्सिडाँडा ,लिनमुनि,मिलनचोक मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | ८ | धोवादि गावुडाँडा मोटर बाटोको दायाँ बायाँ ४० मिटर | |
| ४ | | हुमिन देविनगर मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| ४ | ९ | भिमाद, मस्याम, माइडाँडा, रेश्मी टोल मार्सीडांडा दायाँ बायाँ ५० मिटर | |
| | १० | भमिाद, गोखेकोट, पोस्दिखोला मोटर बाटो दायाँ बायाँ ५० मिटर | |
| | ११ | सिमल बाट ध्याङ्सिङडांडा मोटर बाटो दयाँ बायाँ ५० मिटर | |
| | १२ | प्रतिक्षलयबाट विध्यालय जाने बाटो दायाँ बायाँ ५० मिटर | |
| | १३ | हुमिन, पास्दिखोला जाने बाटो दायाँ बायाँ ५० मिटर | |
| | १४ | आर्किधाम डम्बरबास मोटर बाटो दायाँ बायाँ ५० मिटर | |
| | १५ | रैया, रातमाटा, देवनपौवा मोटर बाटो दाया बायाँ ५० मि | |
| | १६ | आर्किडांडा, नीमधाम मोटर बाटो दायाँ बायाँ ३० मि. | |
| | १७ | गांबुडाडा, अमरडाँडा अर्चले बाटो दायाँ बायाँ ५० मि. | |

रम्भा गाउँपालिका वडा नं. ५ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| | | | |
|---|---|---|---|
| | १ | आर्यभञ्ज्याङ्ग रामपुर सडक खण्डको दायाँ बायाँ ८० मिटर<br>कोष ढुगां देखि सातविसे अन्तर्गत किचकन्ने देखि. बाकुम | |
| | २ | सम्म मोटर बाटोको दायाँ २० मिटर बायाँ ४० मिटर<br>चण्डीथान देखि रिप्बारी बाहुन डाँडा सम्म मोटर बाटो दायाँ बायाँ ४० मिटर | |
| | ३ | देउराली ओमभञ्ज्याङ्ग हुदै गावुडाँडा ओम भङ्ज्याङ देखी देउरापली सम्म मोटर बाटो दायाँ बायाँ १५० मिटर , | |
| | ४ | ओमभञ्ज्याङ्ग सिमलखरक सम्म मोटर बाटोको दाया बायाँ ५० मिटर | |
| | ५ | धोवादी धारादी गावुडाँडा मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | ६ | चौपारी डाँडा देउराली छाप हुदै नाचन डाँडा मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | ७ | एकले वर देखि वराहथान हुदै नाचनडाँडा मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | ८ | धुम्का घोरपालछाप गेरुडाँडा हुदै ओमभञ्ज्याङ्ग मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | ९ | ठाडो डहर हुदै नाचनडाँडा मोटर बाटो दायाँ बायाँ ५० मिटर | |
| | १० | सिमल कुवा हुदै प्राथमिक स्वास्थ्य केन्द्र ताहुँ अस्पताल जाने दायाँ बायाँ ५० मिटर | |
| | ११ | बशाह देखि रानाटोल हुदै रम्भा देवी जाने मोटर बाटोको दायाँ बायाँ १५० मिटर | |
| | १२ | पराजुली गैरे देखी रम्भा देवी जाने मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | १३ | भाके बाटो देखि फेदी खोला खा. पा .जाने मोटर बाटो दायाँ बायाँ ५० मिटर | |
| | १४ | रिप्बारी तल्लो छिस्खोला हुदै घुर्चिस जाने मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | १५ | चण्डेशरी देखि रिप्बारी सम्म मोटर बाटो दायाँ बायाँ ४० मिटर | |
| | १६ | सपाङ्गदी देखि लाकुरी भञ्ज्याङ्ग जाने मोटर बाटोको दायाँ बायाँ ३० मिटर | |
| | १७ | पाण्डेचोक देखि छिस्खोला मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | १८ | मुडुले चौपारी टोकल्दी हुदै खानीखोला मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |

| | | | |
|---|---|---|---|
| | १९ | धाराखोला देखि बदरखोला  मोटर बाटोको दायाँ बायाँ ५० मिटर | |
| | २० | फाँटटोल मोटर बाटो दायाँ बायाँ १५० मिटर | |
| | २१ | फेदीखोला देखि धाराखोला जाने मोटर बाटोको दायाँ बायाँ १५० मिटर | |
| | २२ | प्रगतिटोल देखी फुरुङदी खोला सम्म १०० मिटर | |
| | २३ | देउराली लमेङ सिमभञ्ज्याङ दायाँ बायाँ | |
| | २४ | जुनकिरी ट्रष्ट देखी मलेङ सम्म दायाँ बायाँ | |
| | २५ | देउराली देखी बरालटोल सम्म दायाँ बायाँ ५० मिटर | |
| | २६ | देउराली देखी मलेङ सिमल्दी सम्म दायाँ बायाँ ५० मिटर | |
| | २७ | कातीकुन देखी हाकडाँडा सम्म दाया बायाँ ३० मिटर | |
| | २८ | प्राकृतिक आ वि को खेलमैदानको दापखोला सम्म दायाँ बायाँ ३० मिटर | |
| | २९ | कटहर टोलबाट सुर्यटोल मोटर बाटो दायाँ बायाँ ३० मिटर | |

ख. व्यवसायीक क्षेत्र

| वडा नं | क्र.स | क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | १ | असेर्दी , साँगाहा ,वेल्टार ,छाप, अमीली ,पन्टार ,माझाखण्ड, खयरघारी,साठी, डुम्रीचोक,खोलाखेत,रुद्राक्ष, नौगाउँ, झिम्केडाँडा, | |
| २ | २ | झोकेदी, गावुडाँडा , भञ्ज्याङ्गथोक,कोटथर,रानीवास,सुरुमडाँडा, बेलौज, | |
| ३ | ३ | बेलपानी सिमालीघारी (सिद्दार्थ राजमार्ग) ,निकीचौर ( कालीगण्डकी कोरिडोर), खोक्खोला, थानकुन, बेलटारी, हाकडाँडा, बडर खोला ,अमराई,सिखरडाँडा,कुवादी,ठाटीभञ्ज्याङ्ग,गरुङ्गा भञ्ज्याङ्ग,झेसकाङ्ग,लसुने लिलमुनी | |
| ४ | ४ | घ्याङसिङपोखरा भीमाद दोवाटा, हुमिन बजार क्षेत्र, माथिगाँउ ( जल्पानगर),बगचौर स्कुल क्षेत्र | |
| ५ | ५ | धोवादी, सपाङङ्गगी , ताहुँ बजार ,देउराली,घोरपालछाप,ओमञ्ज्याङ्ग,सेर्काबास,बाकुम फुरुङ्गदी,कोषलुङ्ग , मुदले चौपरी ,बेलाउटीघारी,नाचनडांडा | |

ग. औद्योगिक क्षेत्र

| वडा नं | क्र. स | क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | १ | अमिल्टार (ओद्योगिक गाम्र) | |
| २ | २ | नभएको | |
| ३ | ३ | नभएको | |
| ४ | ४ | नभएको | |
| ५ | ५ | नभएको | |

घ) खानी तथा खनिज क्षेत्र

| वडा नं | क्र.स | क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | १ | | |
| २ | २ | पिपर्दी ( फ़लाम खानी) लोकते धाउखाने नमहा ढुङ्गाखानी झोकेदी | |
| ३ | ३ | | |
| ४ | ४ | | |
| ५ | ५ | भोग खोला (फुरुङ्गदी) तामा खानी , | |

ङ) वन क्षेत्र

| वडा नं | क्र.स | क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | १ | करङ्गेटार सामुदायिक वन, सँगाहा ठुलीटार सामुदायिक वन, धामडाँडा सामुदायिक वन ,मजुवा सामुदायिक वन, हुँगी अमिल्टार सामुदायिक वन, टहरेडाँडा सामुदायिक वन, चिहानडाँडा सामुदायिक वन चेप रानीवन सामुदायिक वन, खाल्टे सामुदायिक वन, | |
| २ | २ | टुगाझाल्मा सामुदायिक वन (पिपर्दी) रुपडाँडा सामुदायिक वन, (झोकेदी) ,फोक्सिङ्गडाँडा सामुदायिक वन (फोक्सिङ्गडाँडा), रानीवास सामुदायिक वन ( रानीवास), तिलकुम थामडाँडा भञ्ज्याङ्गथोक सामुदायिक वन, सिद्धाथान सोमारदी सामुदायिक वन,(बेलौजा) चिसापानी सामुदायिक वन(बेलौज) | |
| ३ | ३ | खाल्टेपानी सामुदायिक वन ,रातामाटा रानीवास सामुदायिक वन, ज्याग्दी खानडाँडा थानडाँडा रानीवास सामुदायिक वन ,कसिरो सामुदायिक वन, रिमिघा रिपपाखा पोसपाखा सामुदायिक वन ,दस्मुरे ओखले सामदायिक वन, | |
| ४ | ४ | वडहरखोला सामदायिक वन, करमदिप सामदायिक वन ,आर्गिडाँडा सामदायिक वन ,भिमाद सामुदायिक वन, क्याक्सिभित्ता सामदायिक वन, झकरडाँडा सामदायिक वन, चुलालुङ्ग सामदायिक वन , रानिवन सामुदायिक वन , मार्सिडाँडा सामदायिक वन ,धाम व्यादि सामदायिक वन , | |
| ५ | ५ | संखेडाँडा सामुदायिक वन ,रातामाटा सामुदायिक वन ,रम्भादेवी सामदायिक वन, भुट्या सामदायिक वन ,खरेडी पखेरा सामुदायिक वन, | |

ड. नदी, खोला ,ताल तथा सिम्सार क्षेत्र

| वडा नं | क्र.स | क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | १ | कालीगण्डकी नदी, सहदीखोला , बाँध खोला ,काराङ्दी खोला | |
| २ | २ | सहदीखोला ,घोस्प्रेकखोला ,कहिनखोला ,अर्चलेखोला, ड्याङखोला,सादखोला, बगेला खोला,खानीखोला, भेरुडाँडा खोला ,भगरे खोला,डयाङ्गटुङ्ग धारादी खोला ,धुसेनी खोला, आरखोटदि खोला,मिक्दीकोन खोला,चाप्दि खोला,फाल्दी खोला, मादरे खोला, सुकी खोला ,धारादी खोला, | |
| ३ | ३ | कालीगण्डकी , अगाँहाखोला, [illegible]दी खोला ,घोन्सिङ खोला , टिस्टिकुन खोला, सात खोला ,बडर खोला, खोक्खोला ,छाडगादी खोला,गर्लीखोला ,सवादी खोला,डेब्रिकोन खोला, | |
| ४ | ४ | टिनाउ खोला , वडहर खोला ,झागडिया खोला, पोष्दिखोला, धारादि खोला , अँगाहा खोला , धामखोला ,मसेम खोला, धनमाडि खोला , बगचौर वडहर खोल्सा ,धारा खोल्सा ,कल्डुकधार खोल्सा, गोमासिङ खोला, छत्तिवन गैरा, | |
| ५ | ५ | डुडे खोला, पुहोर गैरा खोला ,फेदी खोला ,गोमान सिं खोला ,उखारी खोला, छिस्खोला , कालकोन खोला, धारा खोला, कालिकोण खोला ,खोलादी खोला,कोङ्गकोडदी खोला, बडर खोला, | |

ढ. सार्वजनिक उपयोग क्षेत्र

| वडा नं | क्र.स | क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | १ | असेर्दी खोलापारी क्षेत्र, माझखण्ड बगैंचा, असेर्दी क्रिकेट खेल मैदान , ढलेको वर क्षेत्र, बेल्टार, झर्लेङ खोला क्षेत्र, वेल्डाँडा,ढाङढुङ्गे , पन्टार ,डम्वरकुवा,स्वर्लेक,करमचौर झिर्दी, जैडाँडा, वैरादी भैंसी चौपारी, नौगाउँ बगैंचा , साँधखोला क्षेत्र, घाँगीडाँडा,आमिल्टार फुटवल खेल मैदान, हँगी स्वास्थ्य चौकी, पन्टार भलिवल मैदान,सेजुगाउँ भलिवल मैदान,तल्लो वैरादी भलिवल मैदान, माथिल्लो वैरादी भलिवल मैदान, मस्त्याङ भलिवल मैदान, विसौना भलिवल मैदान,कोलपाटे भलिवल मैदान, गहिरी खेल मैदान, सम्पुर्ण सामदायिक विद्यालय क्षेत्र, | |
| २ | २ | लाङ्घाली युवा क्लब भवन ,लुप्चपोखरा खेल मैदान,टिमुरडाँडा क्षेत्र, रिमिघा क्षेत्र,माहादेवी आमा समुह भवन,लालीगुरास युवा क्लब भवन ,पिपर्दी सेमलडाँडा,सामुदायिक भवन,गाबुडाँडा खेल मैदान,पिपर पोखरी खेल मैदान ,कोटथर खेल मैदान ,भञ्ज्याङ्गथोक खेल मैदान, फोक्सिङ्गकोट स्वास्थ्य केन्द्र ,सम्पुर्ण सामुदायिक बिद्यालय क्षेत्र,लावे खेलमैदान, झोकेदी ऐतिहासीक पाठासाला, | |
| ३ | ३ | सिद्धथान भलिवल मैदान, आर्कीडाँडा भलिवल मैदान, थपना भलिवल मैदान, पोखरा खेल मैदान, लुङ्कुरे खेल मैदान,पिपलटारी भलिवल खेल मैदान, कुवादी भलिवल मैदान ,थानडाँडा भलिवल मैदान,बडर भलिवल मैदान,सिखरडाँडा भलिवल मैदान, लिलमुनि भलिबल मैदान, विरौटा भलिबल मैदान, जामुने सार्वजनिक जग्गा, कालीगण्डकी करिडोर सिम्लेघारी सार्वजानिक जग्गा , ठाटीभञ्ज्याङ्ग सार्वजनिक जग्गा, बेलचौपारी सार्वजनिक जग्ग फुलफाटी , राम्चे ,लुङ्कुरे भञ्ज्याङ्ग, कुवादी भञ्ज्याङ्ग,चण्डीथान, बेलपानी सार्वजनिक जग्गा, नयाँ चौपारी खेल मैदान,बुन्थर ,चण्डीथान सार्वजनिक जग्गा , सम्पुर्ण सामुदायिक विद्यालय क्षेत्र, कुडुले चौपारी अतिरिक्त हुलाक | |
| ४ | ४ | रानिबगैचा बगचौर, तिलहार खेल मैदान, पाडेकोट खेल मैदान ,पाडेकोट सामुदायिक स्वास्थ्य इकाई क्षेत्र, भञ्ज्याङ्ग चौतारी कोलडाँडा कृया पुवि भवन क्षेत्र, रैया महिला सामुदायिक भवन, तिलहार सामुदायिक भवन, आर्गिडाँडा सामुदायिक भवन, सम्पुर्ण सामुदायिक विद्यालय क्षेत्र, | |

| | | | |
|---|---|---|---|
| | | | |
| ५ | ५ | प्राथमिक स्वास्थ्य चौकी (ताहुँ),प्रहारी चोकी, इलाका हुलाक कार्यालय,चौपारी डाँडा सामदायिक भवन, नागेश्वरी क्लब भवन, लुक-लुक भलिबल मैदान, बाँस गैरा खेल मैदान, राना टोल भलिबल मैदान,घोरपालछाप खेल मैदान, फुरुङ्गदी खेल मैदान, टेमने खेल मैदान, दलित भवन (घारपालछाप)<br>गोरखनाथ युवा क्लब,जनबाल हित क्लब(बाकुम) नव मगरराती युवा क्लब, झाकरडाँडा खेल मैदान,ओमभञ्ज्याङ्ग खेल मैदान,सुर्यटोल खेल मैदान,बराहा थान खेल मैदान, फेदी खोला ब्याडमिन्टन खेल मैदान, सबै सामुदायीक विध्यालय क्षेत्र | |

सांस्कृतिक तथा पुरातात्विक मह

| वडा | क्र.स | क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | १ | लक्ष्मीनारायण शिवपार्वती मन्दिर ( असेर्दी) ,बगैंचा मन्दिर ,वेसी मन्दिर,लक्ष्मीनारायण धाम एवं पिपल संरक्षण प्रतिष्णन , संगाहा शिवपार्वती मन्दिर ,पौरख रम्भादेवि मन्दिर ,चक्रदेवी मन्दिर, सिद्धरम्भादेवी मन्दिर, डम्वरकुवा मन्दिर ,शिवपार्वती मन्दिर ,काजीपछाइ कुल मन्दिर ,छाप दुर्गा मन्दिर ,अमीली मन्दिर ,नवदुर्गा भवानी मन्दिर (स्वर्लेक), राधामाधव मन्दिर , लक्ष्मीनारायण मन्दिर ,रमणेश्रर महादेव मन्दिर,नागदेवी मन्दिर,जैडाँडा कोटघर, कापुण्डाँडा कोटघर , सेजुगाउँ कोटघर , नौलादेवी कोटघर ,विसौना कालिकादेवी मन्दिर ,साँधखोला रम्भादेवी मन्दिर, खहरेपानी दुर्गा मन्दिर ,छाप वौद्ध स्तुप,च्याङ्लिङ वराजु थान,फालडाँडा वराजु थान,माथिल्लो वैरादी दुर्गा मन्दिर ,सेजु भयरथान मन्दिर, दुर्गा मन्दिर पन्टार, उत्तरबाहीनी क्षेत्र, रिमिघा तिनकन्या बराजुथान झोकेदी | |
| २ | २ | चुडकिथान मन्दिर, रम्भादेवी मन्दिर ,कालिका कोटघर मन्दिर ,दुर्गा मन्दिर कोटघर ,सिद्धथान रिमिघा मन्दिर, दुर्गा देवी कोटघर हुर्गी मन्दिर ,माईथान मन्दिर ,माहादेवी मन्दिर ,बराजु मन्दिर , शिब मन्दिर ,खाँडदेवी मन्दिर ,रिमिघा कालीका मन्दिर म्रगलादेवी मन्दिर रिमिघा गाखुङ्ग देवि मन्दिर फोक्सिङडांडा, भुयारथान लाबे भुयारथान झोकेदी वडा नं. २ को जण्डीथान बेलौजा र चण्डीथान झोकेदी | |
| ३ | ३ | चण्डीथान बुकुन्थर ,कालिका मन्दिर कुलापाती, कोटघर मन्दिर ( मौलाथर), सिद्धथान (मौलाथर), रम्भादेवी मन्दिर (तल्लो सिरुकदी),खाडदेवी मन्दिर ( झोस्काङ) ,सिद्धथान मन्दिर ( झोस्काङ) , चण्डीथान आर्कीडाँडा), जलदेवी मन्दिर (आर्कीडाँडा), कोटमन्दिर ( माथिल्लो घोंसिङ) वडा सिद्ध मन्दिर,रम्भादेवी (तल्लो घोंसिङ) ,सिद्धथान (तल्लो घोंसिङ , झाँक्रीथान (पिपलडाँडा) ,रम्भादेवी ( आँधखोला), जल्पादेवी ,सिद्धथान( खोक्खोला ), निशानादेवी ( गरुङ्गा),बालादेवि मन्दिर, सिद्धबाबा मन्दिर (कुवादी) ,नवदुर्गा मन्दिर ( सुन्धारा), सितादेवी मन्दिर , तिनधारा मन्दिर, मौला देवी दुर्गा भवानी मन्दिर (मौलाथर) | |
| ४ | ४ | कोटदेवि मन्दिर , जल्पादेवि मन्दिर ,चन्डिमन्दिर ,रानिबगैंचा दुर्गा मन्दिर ,राधाकृष्ण मन्दिर , देवि मन्दिर,जलदेवी मन्दिर, भिमसेन तथा भगभति मन्दिर क्षेत्र, खाँडदेवी मन्दिर क्षेत्र, विरिइयाल मन्दिर ,शिवालय मन्दिर , | |

| | | | |
|---|---|---|---|
| ५ | ५ | रम्भादेवी मन्दिर (१०० वटा पर्यटकीय स्थल) मध्य एक (ताहुँ) ,जल्पादेवि मन्दिर (धवादी) ,नागदेवी -पोखराडाँडा) ;श्रीकृष्ण प्रणामी ( मलेङ्ग), शिवालय मन्दिर (पहेले चौपारी),<br>चण्डेश्वरी मन्दिर ( बाकुम) ,भैरव मन्दिर (टेमने), नाग मन्दिर ( बाकुम),<br>कोटघर (ताहुँ) ,बराजुथान मन्दिर (देउराली ) दिसिनकोट (चौपारी डाँडा), बसाहा, खत्री, केसी बैदवार कुल मन्दिर | |

१४. हाल आवासीय प्रयोजनमा रहेको घर जग्गाहरु आवासीय क्षेत्रमा वर्गीकरण गर्ने ।

१५. आवासीय वा व्यवसायिक क्षेत्रमा रहने भनी सडक वा अन्य मापदण्ड तथा आधार तोकिएको तर भौगोलिक अवस्थाको आवासको निर्माणको लागि अनुपयुक्त रहेका जग्गा साथै माथि उल्लेखित भएका बाहेक अन्य सम्पूर्ण निजी जग्गाहरु कृषि क्षेत्र अन्तर्गत वर्गीकरण गर्ने ।

१६. कुनै कित्ता दुई वा दुई भन्दा बढी क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकता क्रम बमोजिम कुनै एक क्षेत्रमा वर्गीकरण गर्ने ।

क) व्यवसायिक क्षेत्र

ख) आवासीय क्षेत्र

ग) औद्योगिक क्षेत्र

घ) कृषि क्षेत्र

ङ) सार्वजनिक उपयोगको क्षेत्र

विष्णु प्रसाद भण्डारी
अध्यक्ष
रम्भा गाउँपालिका पिपलडाँडा पाल्पा